☎ :०७१-५५०६३०
☎ : ०७१-५४००१४
☎ :०७१-५५०६१०

प्रदेश सरकार
लुम्बिनी प्रदेश

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मुकामः बुटवल, नेपाल
(बैठक तथा आन्तरिक प्रशासन शाखा)

पत्र संख्या:- २०७८/७९
चलानी नं.:- ०८

प्रदेश सरकार लुम्बिनी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मुकाम बुटवल, नेपाल

मितिः- २०७८/०४/०३

श्री प्रदेश सभा सचिवालय,
श्री मन्त्रालय (सबै),
श्री प्रदेश लोक सेवा आयोग,
श्री मुख्य न्यायाधिवक्ताको कार्यालय
श्री प्रदेश योजना आयोग,
श्री प्रदेश पूर्वाधार विकास प्राधिकरण,
श्री सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान,
श्री प्रदेश प्रशिक्षण प्रतिष्ठान,
श्री स्थानीय तह (सबै)
लुम्बिनी प्रदेश।

विषयः-कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा ।

सबै निजामती कर्मचारीहरुले प्रत्येक वर्षको श्रावण ७ गते भित्र आफ्नो कार्यसम्पादन मूल्याङ्कन फाराम कार्यालयमा दर्ता गराई सुपरिवेक्षक समक्ष पेश गर्नुपर्ने कानूनी व्यवस्था छ । उक्त व्यवस्था बमोजिम प्रदेश वा स्थानीय तहमा समायोजन भई तहाँ मन्त्रालय/सचिवालय/आयोग/कार्यालय/प्रतिष्ठान/प्राधिकरण/स्थानीय तह वा अन्तर्गतका निकायहरुमा कार्यरत कर्मचारीहरुको आ.व २०७७/७८ को कार्यसम्पदान मूल्याङ्कन गर्दा तपसिल बमोजिम गर्नु गराउनुहुन यस कार्यालयको मिति २०७८/०४/०३ को निर्णयानुसार अनुरोध छ ।

१. नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/०४/१६ मा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा भएको निर्णय बमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन फाराम पुनरावलोकन समितिबाट मूल्याङ्कन गरिए पश्चात सोको १/१ प्रति लोक सेवा आयोग, बढुवा समितिको सचिवालय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनुपर्ने र एक प्रति फाराम सम्बन्धित कार्यालयमा राख्नुपर्ने गरी व्यवस्था भएबमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन भएका सबै सेवा समूहका कर्मचारीहरुले अतिरिक्त थप एक प्रति कार्य सम्पादन मूल्याङ्कन गरिएको फाराम प्रदेश लोकसेवा आयोगको कार्यालयमा समेत पठाउने ।
२. नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७६/०४/१६ मा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा भएको निर्णय बमोजिम प्रदेशको प्रमुख सचिवले सुपरिवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिको

☎ :०७१-५५०६३०
☎ : ०७१-५४००१४
☎ :०७१-५५०६१०

प्रदेश सरकार
लुम्बिनी प्रदेश
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
मुकामः बुटवल, नेपाल
(बैठक तथा आन्तरिक प्रशासन शाखा)

पत्र संख्याः- २०७८/७९
चलानी नं.:- ०८

अध्यक्ष वा सदस्य तोक्नुपर्ने भएमा सोको लागि तोकिएको समयमै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखि पठाई कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनको व्यवस्था मिलाउने ।

३. निर्धारित समयभित्र यस कार्यालयमा सुपरिवेक्षण, पुनरावलोकन तथा पुनरावलोकन समिति मूल्याङ्कनको लागि पेश हुन नआएका कार्यसम्पादन मुल्याङ्कन फारामहरु उपर कुनै कारबाही नगरिने । प्रचलित कानून बमोजिम निर्धारित समय पश्चात मूल्याङ्कन गर्नुपर्ने अवस्था आईपरेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहमति लिई सहमतिपत्र सहित यस कार्यालयमा मूल्याङ्कनको लागि पेश गर्ने ।

४. प्रदेश तथा स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा कुनै द्विविधा भएमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/०४/१६ को कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी निर्णय र सो निर्णय बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र यस कार्यालयबाट विभिन्न मितिमा भएका परिपत्र बमोजिम गर्ने ।

२०७८/०४/०२

(कृष्ण प्रसाद पराजुली)
अधिकृत सातौं

<u>बोधार्थ/कार्यार्थः</u>
श्री शासकीय सुधार, सूचना तथा सञ्चार समन्वय शाखा)
(प्रस्तुत पत्र पत्रमा उल्लेखित सबै नियकायमा इमेल गर्नुहुन तथा कार्यालयको बेबसाईटमा समेत राख्नुहुन)